सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ७ ♦ अंक १०९ ♦ २०८० साल पुस २४ गते मंगलवार ♦ 9 Jan 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

# बर्दिवासका ५३ जना सुकुम्बासीलाई लालपुर्जा हस्तान्तरण

## भुमिपति वनेपछिको खुसी : 'अव घरवास वनाएर तरकारी लगाउछौं'

**विशाल बस्नेत**

**पुस २३ गते, बर्दिवास**



महोत्तरी बर्दिवास-२ का अमृत आले पढन जान्दैनन तर लालपुर्जामा टासेको उनकी श्रीमती सुकमाया आले र आफ्नै फोटो छाम्दै दंग देखिन्छन । उनको खुसी अनुहारमा छल्कीरहेको छ।नगरले आज वितरण गरेको लालपुर्जामा के लेखेको छ भन्ने उनलाई यस्को प्रवाह त छैन तर यो पुर्जा भुमिपती वनेको प्रमाण हो भन्ने चै थाहा छ ।

नगरले आयोजना गरेको एक समारोहमा आलेजस्तै ५२ घर धुरी लालपुर्जा हातमा बोकेर भुमिपती भएको खुसी साटासाट गरिरहेका थिए।जिन्दगीभरी कहाँ बस्ने र के खाने भन्ने त्राही-त्राहीमा रहेका भुमिहिन तथा दलित भुमिहिन लालपुर्जा देखाउदै अनेक सपनाहरु सुनाईर हदा खुसी र सुख के हो भन्ने जोकोहीले अनुभुत गर्न सक्थे । प्रमुख अथिति तथा अथितिहरुले हस्तान्तरण गरेको लालपुर्जा हातमा लिएपछि आले र उनकी श्रीमतीले नगरवाट प्राप्त जग्गामा सानो घर वनाएर तरकारी खेती गर्ने योजना सुनाए । 'बुढेसकालमा आफ्नै 'नाममा जग्गा भएको छ। यहाँ भन्दा ठुलो खुसी के हुन सक्छ र ?' आले दम्पतिले भने , 'कमसेकम मर्ने वेलामा भुमिपति भएर मर्न पाइने भयो ।'

उमेरले डाडो काटेतापनी आले अहिलेपनि ठेला चलाउछन् । यही पेशावाट नै भएको आम्दानीले उनले दुई छोरी र दुई छोराको विवाह गरिदिए । 'छोराहरुले कमाउन थालेतापनी आफ्नै जग्गा र घर जोर्ने सपना, सपनामा नै सिमित वन्यो ।झ उन्ले भने। ञअब जग्गा नगरले दियो, घर वनाउन छोराहरुलाई भन्छु ।'



वडा न.२ कै चतुरमाया परियार त लालपुर्जा हातमा परेपछी निक्कैवेर भावुक भईन। उमेरले ६९ बर्ष पुगेकी परियार छोराछोरी भएतापनी एक्लिएको अनुभुती भएतापनी नगरले जग्गा दिएर सहारा प्रदान गरेको वताईन ।ञएउटा छाप्रो वनाउछु अनि तरकारी लगाएर भएपनि अब जिविकोपार्जन गर्छु ।झ परियारले भनिन् ।

अझ सोममाया लामिछानेको त आफ्नो जग्गा नहुदा लामो समयदेखी कोठामा बस्दै आएकी थिइन। घरवासको लागी आफ्नै जग्गा थिएन । वनिवुथो गरेर जिविकोपार्जन गर्दै आएकी उन्को श्रीमान बर्षौ पहिला वितेका थिए ।





'घरबास नहुदाको पीडा मलाई जति अरु कसलाई थाहा होला र। सोममायाले खुसी हुदै भनिन् , 'कमसेकम भुमी आयोग र नगरले हाम्रो पिडालाई थोरै भएपनी मलम लगाउने प्रयास गरेको छ ।'

उनिहरु जस्तै बर्दिवास-२ स्थित २५ नम्बर बहादुर गंज ४ घ कित्ता न.३२ वाट प्रती घरधुरी १ कट्ठाका दरले पहिलो चरणमा लालपुर्जा पाउने ५३ घर परिवारको उस्तै खुसी छ । जग्गा पाएपछी उनिहरुले घरवास बनाउने मात्र योजना बनाएका छैनन तरकारी तथा अन्य उत्पादन गरेर व्यवसायिक वन्ने समेत सपना बुनेका छन् ।

पहिलो चरणमा परेका ६० आवेदन मध्य प्रक्रिया पूरा भएको ५७ जना पुर्ण भुमिहिनलाई जग्गा उपलब्ध गराउने निर्णय गर्दै राष्ट्रिय भुमि आयोग महोत्तरीले २२ मंसिरमा हकदावीको लागी नामावली प्रकाशन गरेको थियो । त्यसमध्ये ३ जनाको नाममा उजुरी परेपछी २९ मंसिरमा आयोगले ५३ जनालाई लालपुर्जा दिने निर्णय गरेको भुमी आयोग महोत्तरीका अध्यक्ष ज्ञान बहादुर गोलेले जानकारी दिए । सोहीअनुसार आज ५३ जना भुमिहिनलाई लालपुर्जा वितरण गरिएको अध्यक्ष गोलेको भनाई छ । अन्य भुमिहिनको नाममा छानविन भैइरहेको पनि उन्ले वताए ।६० जना मध्ये कसैको नाममा जग्गा देखिएको, कसैको नाममा उजुरी परेको हुनाले भुमी आयोगले छानविनको लागी ३ जनाको विज्ञ सदस्य संयोजकत्वमा समिती वनाएको छ । समितिले पेश गरेको प्रतिवेदनको आधारमा प्रक्रिया अगाडी बढाईने भुमी आयोगले जनाएको छ ।

यता आफ्नै कार्याकालमा नगर भित्र रहेका कसैलाई भुमिहिन हुन नदिने नगरप्रमुख प्रल्हाद कुमार क्षेत्रीले वताए । अव्यवस्थित वसोवासीको समेत काम तिव्ररुपमा गरेको वताउदै कसैलाई पनि निराश हुने वातावरण सिर्जना हुन नदिने प्रमुख क्षेत्रीको प्रतिबद्धता छ । क्षेत्रीले लालपुर्जा पाएकालाई व्यवस्थितरुपमा स्थापित गर्नका लागि सो जग्गामा

बाँकी पृष्ठ २ मा

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्षलमययच को व्यवस्था ।

# बर्दिवासका ५३ जना...



आवश्यकमात्रामा विजुलीवती र खानेपानीको पूर्वाधार निर्माणका लागि भुमिका निर्वाह गरिने प्रतिवद्धता जनाएका छन् ।

प्रमुख प्रशासकीय अधिकृत किरणनिधी तिवारीले जिल्लामै पहिलोपटक यस कार्यमा सफलता हासिल गरिएकोले अगामी दिनमा क्रमिक रुपमा नगरभरिका यस्ता सुकुम्वासीलाई जग्गा प्रदान गरिने तयारी भईरहेको बताए ।

घर व्यवस्थापनका निम्ति विशेष रुपमा तीनैतहका सरकारलाई पहलकदमी तवर रुपले भुमिका निर्वाह गरिदिनका लागि महोत्तरी क्षेत्र नं. १ का प्रतिनिधीसभा सदस्य लक्ष्मी महतो कोईरीले आग्रह गरेका छन् । अव ठोस रुपमा व्यवस्थापनका निम्ति सरोकार वाला पक्षले संरक्षणका जिम्मेवारी लिई समय समयमा अनुगमन गर्नुपर्नेमा साँसद कोईरीले जोड दिएका छन् ।

राष्ट्रिय भुमि आयोगका केन्द्रिय अध्यक्ष केशव निरौलाले नेपाल सरकारको निर्धारित कार्यक्रम अर्न्तगतमा रहि देशका हरेक स्थानमा बर्षौंदेखि कायम रहदै आएको अवस्थित बसोवासलाई क्रमिक रुपमा सुधार गर्दै लैजाने धारणा राखेका छन् । अध्यक्ष निरौलाले तीनै तहका सरकारले यस्ता सुधारोन्मुख कार्यमा सरिक भएर कार्यसम्पादन गर्नका लागि अनुरोध गरेका छन् ।

जग्गाको लालपुर्जा पाएपछि वसोबासको स्थायीत्वको साथै चौतर्फी रुपमा कामकाज गर्नका लागि सुलभ भएको भन्दै सुकुम्बासीहरु हर्षित भएका थिए ।


## सुशासन किन ?

- कानूनी राज्य र विधिको शासन स्थापना गर्न,
- पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न,
- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रण गर्न,
- मानव अधिकारको प्रत्याभूति गर्न,
- सार्वजनिक सेवामा नागरिक अधिकार कायम गर्न,
- जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्र स्थापना गर्न,
- सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन।

**महोत्तरी गाउँपालिका**

**महोत्तरी**


# राष्ट्रिय सभा निर्वाचन : १९ पदका लागि ५२ जनाको उम्मेदवारी

**खबर दर्पण समाचारदाता**

**पुस २४ गते, काठमाण्डौं**

राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि रिक्त १९ पदका लागि ५२ जनाको उम्मेदवारी परेको छ ।

राष्ट्रिय सभामा कुल २० सदस्य पद रिक्त भए पनि निर्वाचन हुने १९ पदका लागि उम्मेदवारी दर्ता भएको हो । एक सदस्यको मनोनयन मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने संवैधानिक व्यवस्था छ ।

स्वीकृत निर्वाचन कार्यक्रम अनुसार सोमबार बिहान १० बजेदेखि अपराह्न ३ बजेसम्म सातवटै प्रदेशको निर्वाचन अधिकृतको कार्यालयमा शान्तिपूर्णरूपमा उम्मेदवारको मनोनयनपत्र दर्ता भएको जानकारी निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले दिनुभयो । मतदान माघ ११ गते बिहीबार हुँदै छ ।

कोशी प्रदेशमा महिला समूहका लागि २ राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि ३ राजनीतिक दलका तर्फबाट जम्मा ५ जना उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ।

मधेश प्रदेशमा महिला समूहका लागि २ राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि ३ राजनीतिक दलका तर्फबाट जम्मा ५ जना उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ।

बागमती प्रदेशमा महिला समूहका लागि ४ राजनीतिक दलका तर्फबाट, दलित समूहका लागि ३ राजनीतिक दलका तर्फबाट, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायका लागि ४ राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि ४ राजनीतिक दलका तर्फबाट जम्मा १५ जना उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ।

गण्डकी प्रदेशमा महिला समूहका लागि ३ राजनीतिक दलका तर्फबाट, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायका लागि २ राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि ३ राजनीतिक दलका तर्फबाट जम्मा ८ जना उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ।

लुम्बिनी प्रदेशमा महिला समूहका लागि ३ राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि ४ राजनीतिक दलका तर्फबाट जम्मा ७ जना उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ।

कर्णाली प्रदेशमा महिला समूहका लागि २ राजनीतिक दलका तर्फबाट, दलित समूहका लागि २ राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि २ राजनीतिक दलका तर्फबाट जम्मा ६ आयोगले जनाएको छ ।

सुदूरपश्चिम प्रदेशमा महिला समूहका लागि २ राजनीतिक दलका तर्फबाट, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायका लागि २ राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि २ राजनीतिक दलका तर्फबाट जम्मा ६ जना उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ।

यसरी समग्रमा सातै प्रदेशमा महिला समूहतर्फ १८, दलित समूहतर्फ ५, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदाय तर्फ ८ र अन्य समूहतर्फ २१, गरी जम्मा ५२ जना उम्मेदवार को मनोनयनपत्र दर्ता भएको छ।

स्वीकृत निर्वाचन कार्यक्रम अनुसार पुस २४ गते उम्मेदवार को विरोधमा उजुरी दिने, पुस २५ र २६ गते मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गरी नामावली प्रकाशित गर्ने, पुस २७ गते उम्मेदवारले नाम फिर्ता लिने तथा अन्तिम नामावली प्रकाशन गर्ने र पुस २८ गते उम्मेदवारलाई निर्वाचन चिन्ह वितरण हुनेछ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष -** काममा बाधा, खर्च वृद्धि हुनेछरु। परिवारबाट सुख, आम्दानीमा सुधार, काममा सफलता हात लाग्नेछरु। शुक्रबार भने मनमा डर-चिन्ता रहनेछ। धार्मिक यात्राको योग छ ।

**वृष-** मिष्ठान्न भोजन, मान-सम्मान प्राप्त हुने, धनलाभ हुने, सुख प्राप्त हुने र कामको जिम्मेवारी बढ्ने योग छ। स्वास्थ्य प्रतिकूल रहने, शरीरमा आलस्यता हुनेछ। साताको अन्त्यमा काममा असफलता, धनको नाश हुने योग

**मिथुन-** आय आर्जनमा गतिरोध आउनेछ। राजनीतिमा सफलता प्राप्त हुनेछ। दैनिक कार्यमा प्रशंसा प्राप्त हुनेछ।

**कर्कट -** दाजु-भाइको सहयोगबाट आम्दानी हुनेछ। साताको अन्त्यमा मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ । अपूरा कार्य पूर्ण हुनेछन्। अनावश्यक खर्च बढ्नेछ।

**सिंह -** साताको सुरुमा शत्रुले दुःख दिने, मनमा डर रहने, पेटसम्बन्धी समस्याले सताउनेछरु। आयआम्दानीको स्रो बढ्नेछरु। साताको अन्त्यमा सरकारी काममा सफलता र नोकरीमा उन्नति हुने योग छ ।

**कन्या -** सरकारी काममा सफलता हुनेछरु। दाजु-भाइसँग भेट हुने योग छ। आम्दानीमा राम्रो सुधार हुनेछरु। बौद्धिक व्यक्तिसँग भेटघाट हुनेछ। धार्मिक यात्राको योग रहेको छ ।उपहारआदी प्राप्त हुनेछ ।

**तुला -**परिवारबाट सन्तोष मिल्ने, आपसी समझदारीबाट काम सफल हुने, र आम्दानी बढ्नेछ तथा सोचेको काम पूरा हुनेछरु। स्वास्थ्य तथा यात्रामा असफलता हात लाग्नेछ ।

**वृश्चिक -**स्वास्थ्य प्रतिकूल रहने, यात्रामा बाधा आउनेछ । रोगको नाश हुने, मिष्ठान्न भोजन प्राप्त हुने, मान-सम्मान प्राप्त हुने र कामको जिम्मेवारी बढ्नेछरु।

**धनु -** मनमा उत्साह बढ्नेछ। दिनको उत्तरार्द्धमा मानसिक थकान बढ्नेछ। आफन्तसँगको भेटले मन प्रफुल्ल बन्नेछ। कान्तिक्षय हुनेछ।

**मकर -**सुख प्राप्त हुने, धनलाभ हुने, शत्रुको नाश हुने, मिष्ठान्न भोजन मिल्ने, मान-सम्मान प्राप्त हुने, आम्दानीमा सुधार हुनेछ।

**कुम्भ -**चाहेको वस्तु सजिलै प्राप्त हुनेछन्। साताको अन्त्यमा समय अनुकूल रहनेछ। आम्दानी राम्रो हुनेछ, काममा सफलता मिल्नेछ। प्रेमीका संग यात्राको योग छ ।

**मीन -**काममा अपजस हात लाग्नेछरु। मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ। छ ।

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# आर्दश राष्ट्रिय माध्यमिक विद्यालयले स्वर्ण जयन्ती मनाए




**विजयकुमार साह**
**पुस २३ गते, ढल्केवर**

धनुषाको मिथिला नगरपालिका ९, लालगढमा रहेको आदर्श राष्ट्रिय माध्यमिक विद्यालयले स्वर्ण जयन्ती मनाएका छन् ।स्थापनाको ५० वर्ष पुरा गरेको अवसरमा आइतबार एक कार्यक्रमको आयोजना गरी विद्यालयले स्वर्ण जयन्ती मनाएका हुन् ।

विक्रम सम्वत् २०२९ साल पुस महिनामा एक कक्षाको अनुमति प्राप्त गरी सञ्चालन भएको यस विद्यालयमा अहिले कक्षा १० सम्मको पढाइ भइरहेको छ ।

स्वर्ण जयन्त्री कार्यक्रमका प्रमुख अतिथि एवम् नेकपा एमाले पार्टीका केन्द्रीय सचिव रघुवीर महासेठले शिक्षा र स्वास्थ्य निःशुल्क हुनुपर्ने बताए। नेपाली नागरिकलाईलाई मौलिक अधिकारबाट वन्चित हुन नदिनका लागि सरकारले शिक्षा र स्वास्थ गर्नुपर्ने बताउँदै उनले यस क्षेत्रमा शिक्षाको विकासमा सक्दो प्रयास र पहल गर्ने प्रतिवद्धा जनाए ।

# आनन्द ढुंगानाबिरुद्ध कांग्रेसमा उजुरी



**खबर दर्पण समाचारदाता**
**पुस २३ गते, बर्दिवास**

नेपाली कांग्रेसले राष्ट्रिय सभामा मधेशबाट उम्मेदवार बनाएका आनन्दप्रसाद ढुंगाना विरुद्ध पार्टी केन्द्रीय कार्यालयमा उजुरी परेको छ ।

अनुशासन समिति संयोजक समेत रहेका ढुंगाना विरुद्ध उनकै गृहजिल्ला धनुषाका नेताले उजुरी दिएका हुन् ।

धनुषा १ का महासमिति सदस्य भोला पञ्जियारले केन्द्रीय सदस्य ढुंगानाले उजुरी दिएका हुन् । अघिल्लो राष्ट्रिय सभाको निर्वाचनमा भोट खरिद गर्नका लागि भनि ढुंगानाले २० लाख रुपैयाँ लिएको आरोप लगाएका छन् ।

अघिल्लो राष्ट्रिय सभाको चुनावमा मधेशबाट कांग्रेसका उम्मेदवार समेत रहेका पञ्जियारले पुस २० गते पार्टी केन्द्रीय कार्यालयमा उजुरी दिएका छन् ।

'त्यति बेलाको चुनावमा भोट किन्नु पर्छ भनेर आदरणीय नेता आनन्दप्रसाद ढुंगानाज्यूलाई मैले १० लाख र नगिना यादवले १० लाख गरी २० लाख रुपैयाँ जम्मा गरें, भोट किन्न नसके वापस गर्छु भन्ने कुराहरु भएका थिए' पञ्जियारले दिएको उजुरीमा भनिएको छ, 'तर भोट किन्न सक्नुभएन र अहिलेसम्म मेरो १० लाख रुपैयाँ पनि फिर्ता गरिरहेको छैन ।'

तर ढुंगानाले भने आफूले पैसा नलिएको बताएका छन् ।

उनले भने, 'पैसा उसैको भाइले लिएको हो, मैले लिएको होइन, ५५ वर्षको राजनीतिक इतिहासमा मैले कसैसँग १ पैसा पनि लिएको छैन ।'


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**मठिहानी नगरपालिका, महोत्तरी**

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**जनकपुरधाम उपमहानगरपालिका,धनुषा**

सूचना ! सूचना !!! सूचना !!!

सडक हामी सबैको साँझा सम्पती हो । सडक सिमा अतिक्रमण नगरौं । सडक सिमाभित्र फोहर, गोबर, खरानी लगायतका सामानहरु नराखौं । निर्माण सामाग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं । सडक दुर्घटनाबाट जोगाऔं र अरुलाई पनि जोगाऔं ।

**पिपरा गाउँपालिका**
**महोत्तरी**

सूचना ! सूचना !!! सूचना !!!

सडक हामी सबैको साँझा सम्पती हो । सडक सिमा अतिक्रमण नगरौं । सडक सिमाभित्र फोहर, गोबर, खरानी लगायतका सामानहरु नराखौं । निर्माण सामाग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं । सडक दुर्घटनाबाट जोगाऔं र अरुलाई पनि जोगाऔं ।

**जलेश्वर नगरपालिका**
**महोत्तरी**

**वन जंगल डढेलोबाट जोगाउँ वन अतिक्रमण गर्ने कार्य कानुन विपरित हो । त्यस्ता कार्य गर्नेलाई चेतना प्रदान गरौँ । वन पैदावार जडीबुटीको अबैध ओसार- पोसार र जीवजन्तुको अबैध सिकार नगरौँ ।**

**डिभिजन वन कार्यालय**
धनुषा,जनकपुरधाम

**वन जंगल डढेलोबाट जोगाउँ वन अतिक्रमण गर्ने कार्य कानुन विपरित हो । त्यस्ता कार्य गर्नेलाई चेतना प्रदान गरौँ । वन पैदावार जडीबुटीको अबैध ओसार- पोसार र जीवजन्तुको अबैध सिकार नगरौँ ।**

**डिभिजन वन कार्यालय**
महोत्तरी

बर्दिबासमा खेलकुदले महत्व पाउँदै :

# बिजलपुरामा क्रिकेट प्रतियोगिता हुने

**खबर दर्पण समाचारदाता**
**पुस २३ गते, बर्दिवास**




महोत्तरीको बर्दिबासमा माघ लागेवित्तिकै भलिवल र क्रिकेट प्रतियोगिता आयोजन हुँदैछन् । बर्दिबास नगर कार्यपालिकाको खेलकुद विकास समितिले आज सोमबार पत्रकार सम्मेलन आयोजना गरेर सोबारे जानकारी दिएको हो ।

बर्दिबास-१२ चल्की बिजलपुरामा माघ १ गतेदेखि दोस्रो मेयर खुल्ला पुरुष भलिवल प्रतियोगिता र त्यसलगत्तै बर्दिबास-१३ डाँडाटोल बिजलपुरामा क्रिकेट प्रतियोगिता हुने नगर खेलकुद विकास समितिका अध्यक्ष दिपेन्द्रकुमार शिवभक्तिले जानकारी दिनुभयो ।

“भलिवल प्रतियोगिताको तयारी करिब सबै पुरा भएको छ , यसमा मुलुकका बिभिन्न भेगबाट राष्ट्रिय ख्यातिप्राप्त टिम सहभागी हुँदैछन्” समितिका अध्यक्ष शिवभक्तिले भन्नुभयो ।

यस प्रतियोगिताका लागि मेचीदेखि महाकालीसम्मका ख्यातिप्राप्त २० भन्दा बढी टिमले सहभागिता जनाउने शिवभक्तिको भनाइ छ ।

समितिले लगत्तै डाँडाटोल बिजलपुरामा क्रिकेट प्रतियोगिता आयोजना गर्ने निणर्य गरीसकेको छ। भलिवल प्रतियोगिता सम्पन्न गरिएसँगै त्यसको तयारी थालिने तालिका छ ।

पत्रकार सम्मेलनमा नगरप्रमुख प्रहलादकुमार क्षत्रीले ‘स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद’ नारालाई सार्थक बनाउन सबैको सहयोगका लागि अपिल गर्नुभयो । खेलकुदलाई उच्च प्राथकितासाथ अघि बढाइने नगर प्रमुख क्षत्रीको प्रतिबद्धता छ । बर्दिबासमा क्षत्री नगर प्रमुख निर्वाचित भएयता खेलकुद र स्वास्थ्यमा निकै सुधारात्मक गतिविधि बढेका उहाँका आलोचक पनि स्वीकार गर्छन् । खेलकुदको समुचित विकासले लागुपदार्थ दुर्व्यशन र अन्य कुलतबाट किशोर र युवापङ्तिलाई अलग्याएर स्वस्थ्य र अनुशासित बन्न प्रेरित गर्ने पाका बर्दिबासबासी बताउँछन् ।

# मधेश प्रदेश : दुई राष्ट्रिय सभा सदस्यका लागि लागि पाँचजनाको उम्मेदवारी दर्ता



**खबर दर्पण समाचारदाता**
**पुस २३ गते, महेन्द्रनगर**

मधेश प्रदेशमा रिक्त दुई राष्ट्रिय सभा सदस्यका लागि पाँचजनाले मनोनयन दर्ता गराएका छन् । सत्ता गठबन्धन तर्फबाट नेपाली कांग्रे, जसपाबाट एक-एक जना, प्रमुख प्रतिपक्षी नेकपा एमालेबाट दुईजना र सत्ता गठबन्धमै र हेको जनमतबाट छुट्टै एकजनाले उम्मेदवारी दर्ता भएको हो । राष्ट्रिय सभा सदस्यका रिक्त अन्य र महिला समूह तर्फ दुई पदका लागि निर्वाचन हुन लागेको छ । सत्ता गठबन्धन कांग्रेसबाट अन्य तर्फ आनन्द प्रसाद ढुंगाना र महिला तर्फ जसपाकी पूजा चौधरीले मनोनयन दर्ता गराएकी छन् । गठबन्धनबाट मनोनयन दर्ता गराउने ढुंगाना धनुषाका हुन् भने चौधरी रौतहटका छन् । एमालेबाट अन्य तर्फ विजेता झा र महिला तर्फ उषा देवी थरुनीले उम्मेदवारी दर्ता गर एकी छन् । मधेश दुई पदका लागि एमालेले दुबैजना महिला उम्मेदवार नै खडा गरेको छ । एमालेमा अन्य तर्फ अर्जुन सिंह राजपुतलाई उम्मेदवार बनाउने निर्णय गरेपनि मतदाता नामावलीमा नाम नहुँदा उनको उम्मेदावरी दर्ता भएन । त्यसपछि उनको स्थामा एमालेले विजेता झालाई उम्मेदवार बनाएको हो । उम्मेदवारी दर्ता गराएको झा धनुषाकी हुन् भने थरुनी पर्साकी छन् ।

यस्तै सत्ता गठबन्धन घटक जनमत पार्टीले मधेश प्रदेशमा अन्य समुहमा छुट्टै उम्मेदवारी दर्ता गराएको छ । जनमतबाट रामशंकर महासेठले मनोनयन दर्ता गराएका हुन् ।


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**बर्दिवास नगरपालिका, महोत्तरी**

सडक हामी सबैको साँझा सम्पती हो । सडक सिमा अतिक्रमण नगरौं । सडक सिमाभित्र फोहर, गोबर, खरानी लगायतका सामानहरु नराखौं । निर्माण सामाग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं । सडक दुर्घटनाबाट जोगाऔं र अरुलाई पनि जोगाऔं ।

**औरही नगरपालिका**
**महोन्तरी**


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**क्षीरेश्वरनाथ नगरपालिका, धनुषा**

**R S सिनेमा हल बर्दिवासमा प्रदर्शन भईरहेको छ**

सलार १२-३ , डंकी ३-६ र
सलार ७-१० बजे








खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा